# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत

## आर्थिक वर्ष २०७७/७८ को

## बजेट वक्तव्य

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

बागमती प्रदेश, नेपाल

१० आषाढ, २०७७

**"शिक्षा, स्वास्थ्य, कृषिमा गुणस्तर - दिगो पूर्वाधार, युवालाई रोजगार"**

**गाउँसभाका सभाध्यक्ष ज्यू,**

**तथा सदस्य ज्यूहरु,**

यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था नेपालीको चाहना अनुरुप परिवर्तन गर्न आफनो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संबिधान २०७२ सालमा जारी भएपछि नागरिकको सार्वभौम अधिकारलाई संघ, प्रदेश र स्थानिय तह गरि ३ तहबाट प्रयोग गर्ने संबैधानिक प्रावधान अनुरुप तीन वटै तहहरुको निर्वाचन सम्पन्न भई तीनै तह बाट नागरिकका प्रतिनिधिहरु बाट शासन सञ्चालनमा भएको करिव ३ वर्ष भयो । लोकतन्त्रको सबै भन्दा महत्वपूर्ण जग स्थानिय तह भएकोले संबैधानिक रुपमै स्थानिय तहहरुमा व्यवस्थापकिय कार्यकारी एंव न्यायीक अधिकारहरुको व्यवस्था भएको छ । नागरिकको सबै भन्दा नजिकको सरकार नै स्थानिय सरकार भएकोले नागरिकको दिनदिनै सरोकारका बिषय एंव बिकासको तिव्र चाहनाहरुलाई सम्बोधन गर्ने दायित्व स्थानिय सरकारको काधमा आएको छ ।

सिमित श्रोत साधन, कोभिड १९ ले श्रृजना गरेको बिश्वब्यापी समस्या र संकटहरुको समाधान गर्नुपर्ने उत्तिकै चुनौती रहेकोछ ।

पूर्वाधार बिकास सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्ने, बिकासका लाभहरुको न्यायोचित वितरण गर्ने,सबै प्रकारका बिभेदको अन्त्य गर्ने, लैङ्गिक समानता कायम गर्ने, बिकासलाई दिगो बनाउने,रोजगारीको श्रृजना गर्ने र १५औं योजनाको लक्ष्य तथा उद्येश्यहरुलाई पुरा गर्ने महान अभियानमा सबै जनप्रतिनिधि,कर्मचारी, गैरसरकारी संस्था,नागरिक समाज, पत्रकार, बुद्धिजिवी एंवं आम जनसमुदायका ऐक्यबद्धता र सहभागीता एवं प्रतिवद्धताको आवश्यकता पर्दछ ।

स्थानिय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरुले स्थानिय तह सम्हालेको ३ वर्ष भैसकेको अवसरमा बिगत वर्षहरुमा यस गाउँपालिका को उपाध्यक्षको हैसियतले सम्मानित सभा समक्ष वजेट पेश गरेको थिए र आज पनि यस सभामा बजेट पेश गर्न पाउदा अत्यन्तै आनन्द र गौरवान्भित महसुस गरेको छु ।

विगत वर्षहरुमा बजेट कार्यान्वयनलाई सफल बनाउन प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भूमिका खेल्नुहुने जनप्रतिनिधिहरु, कर्मचारीहरु, बुद्धिजिवीहरु, पत्रकार, नागरिक समाज र हामी संगै हातेमालो गर्ने गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै आगामी दिनहरुमा पनि अझ सकारात्मक र रचनात्मक भूमिका निर्वाह गरिदिनहुन सहृदय अपिल गर्दछु ।

गाउँपालिका अध्यक्ष

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल

**"शिक्षा, स्वास्थ्य, कृषिमा गुणस्तर - दिगो पूर्वाधार, युवालाई रोजगार"** भन्ने मुख्य नारालाई चरितार्थ गर्न सिमित श्रोत र साधनलाई प्रभावकारी एंव उच्चतम प्रयोग गरी साच्चीकै नागरिकले आत्मसाथ गर्ने गरी बजेट पेश गरेको छु।

**सभाका सभाध्यक्ष महोदय,**

**अव म चालु आ.व २०७६/०७७ को बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु।**

चालु आ.व २०७६/०७७ को कुल बजेट जम्मा २६ करोड ४६ लाख ३४ हजार विनियोजन भएकोमा चालु खर्च तर्फ १४ करोड १९ लाख २८ हजार ७ सय ५० र पूजीगत खर्च तर्फ १२ करोड २७ लाख ५ हजार २ सय ५० रकम विनियोजन भएको थियो। जस मध्ये जेठ मसान्त सम्म चालु खर्च तर्फ ११ करोड ५५ लाख ७९ हजार ८ सय ८७ रुपैया ६८ पैसा र पूजीगत खर्च तर्फ ६ करोड ९१ लाख ४२ हजार २ सय ६३ रुपैया गरी करिब ६८ प्रतिशत खर्च भएको छ।

चालु आ.व को आन्तरिक आय २५ लाख प्रक्षेपण गरिएकोमा जेठ मसान्त सम्ममा जम्मा ९ लाख ७२ हजार ६ सय ७८ रुपैया संकलन भएको छ

चालु आ.व मा दनुस्वाँरा-पाटीखर्क सडक, पारच्याङ - लारच्याङ सडक, पारच्याङ-घिचेत-यूव्रा-यार्सा सडक, लोकील - लाङबु -थाङदोर सडक लगायतका शाखा सडकहरु मर्मत तथा स्तरोन्नती गरियो।

कृषि तथा पशु सेवा क्षेत्रमा किसानहरुको लागि प्रत्यक्ष लाभ हुने अनुदानका कार्यक्रमहरु जस्तो: मिनि टिलर, कर्न सेलर, धानको विउ, गहूको विउ, मकैको विउ, फलफूलका विरुवाहरु, हाईटेक टनेल, वितरण जस्ता अनुदानमा आधारित कार्यक्रमहरु सञ्चालन गरियो। गैर सरकारी संस्थाहरु संगको साझेदारीमा वडा नं ५ मा तरकारी संकलन केन्द्र निर्माण गरियो।

शिक्षा क्षेत्रलाई विद्यार्थी मैत्री, गुणस्तर वृद्धि गर्नका लागि माध्यमिक विद्यालय र आधारभुत विद्यालय गरी अघिल्लो आ.ब. मा पूर्ति गरिएका दरवन्दिलाई चालु आ.ब. मा पनि निरन्तरता दिईयो। यस गाउँपालिका अर्न्तगत रहेका माध्यमिक बिद्यालयहरुमा बिज्ञान प्रयोगशालाको साथै कम्प्युटर प्रयोगशाला,पुस्तकालय स्थापना गरियो। गाउँपालिका स्तरीय शैक्षिक प्रदर्शनी गर्नुका साथै अतिरिक्त खेलकुद कार्यक्रम सम्पन्न गरियो।

स्वास्थ्य क्षेत्रमा पूर्ण खोप सुनिश्चितता गाउँपालिका निरन्तरता दिईयो। कोभीड १९ को प्रकोपलाई न्यूनिकरण गर्न यस गाउँपालिकाका मुख्य ५ वटा नाकाहरुमा स्वास्थ्य सहायता केन्द्र स्थापना का साथै , पारच्याङ स्थित गौतमबुद्ध मा.बि. मा क्वारेन्टाईन स्थापना गरि स्वदेश तथा बिदेश बाट आउनु भएका दाजुभाई तथा दिदीवहीनीहरुलाई १४ दिन सम्म राखि आर.डि.टी तथा पि.सि.आर.जाँच गरि आ आफनो घरमा फर्काउने व्यबस्था मिलाईएको छ।

गाउँपालिका अध्यक्ष

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल

कोभीड १९ बाट प्रभावित बिपन्न तथा दैनीक ज्याला मजदुरी गर्ने श्रमिकहरुलाई उचित राहातको व्यबस्थापन राहात मापदण्ड अनुसार गरिएको छ ।

यस गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको पक्की पुल निर्माण कार्यको लागि ठेक्का प्रक्रिया अगाढी बढाईएको छ ।

यस गाउँपालिकाको संस्थागत लेखाजोखा गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि पूर्णिमा कार्यक्रमको सहयोगमा गाउँपालिकाको वार्षिक कार्ययोजना सहितको स्वमुल्यांकन लेखाजोखा गरि कार्यान्वयनको चरणमा रहेको छ ।

गाउँपालिका भित्र रहेका २० जना महिलाहरुलाई आयआर्जन तथा जिविकोपार्जनको लागि सिपमुलक तालिमहरु संचालन गरियो ।

यसरी संघीय सरकार, प्रदेश सरकार र नौकुण्ड गाउँपालिका तिनै तहको सरकारको समन्वय र सहकार्यमा यस गाउँपालिकाको समृद्धि लाई अगाडी बढाउने कार्य भईरहेको सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

**अव म आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेकोछु ।**

क) सम्पूर्ण नागरिकका मौलिक हकको रुपमा जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरु संबोधन गर्ने,

ख) साधन , स्रोत र क्षमताको उच्चतम उपयोग गरि समृद्ध मानविय विकास गर्ने ।

ग) सामाजिक, भौतिक तथा पूर्वाधार र आर्थिक विकास गरि समृद्ध गाउँपालिका बनाउने ।

घ) **"एक गाउ–एक उत्पादन"** लाई प्रभावकारीरुपमा लागु गरि कृषिमा आत्मनिर्भर गाउँपालिका बनाउने ।

ङ) शैक्षिक क्षेत्रको समग्र विकास गर्नुका साथै शैक्षिक गुणस्तर लाई थप सुदृढ बनाउन प्रबिधिको उच्चतम प्रयोग गर्ने ।

च) स्वास्थ्य क्षेत्रमा सवैको सहज पहूँच पुर्‍याउने ।

छ) बैदेशिक रोजगारबाट फर्किएका यूवाहरुको लगत संकलन गरि उहाँहरुको सिप तथा दक्षता पहिचान गरि स्थानिय स्तरमै स्वरोजगार बनाउने ।

ज) **"एक घर–एक घारा"** को अभियानलाई यस वर्ष पनि निरन्तरता दिइने ।

गाउँपालिका अध्यक्ष

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

झ) यस गाउँपालिकालाई शासकिय सुधारका साथै प्रशासनिक सेवा प्रवाहलाई प्रभावकारीरुपमा लागु गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

- गरिबी न्यूनीकरण रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित ।
- जनसहभागिता अभिवृद्धि गर्ने ।
- संस्कृति र पहिचानको प्रवर्द्धन गर्ने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पऱ्याउने ।
- क्रमागत उत्पादनमूलक र छिटो प्रतिफल दिने ।
- आन्तरीक राजस्व वृद्धि र परिचालनमा योगदान पऱ्याउने ।
- युवालाई स्वरोजगारका लागि उद्यम तथा ब्यावसायमा जोड दिने ।
- शैक्षिक क्षेत्रको गुणस्तर लाई थप सुदृढ बनाउन प्रबिधिको उच्चतम प्रयोग गर्ने ।
- स्वास्थ्य संस्थालाई सुबिधा सम्पन्न प्रशुती कक्ष को स्थापना तथा बिस्तार गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण को मुलप्रवाहिकरण गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व.०७७/७८ का लागि नौकुण्ड गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु ।**

आयतर्फ : संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ६६ लाख, शसर्त अनुदान रु. १३ करोड ४ लाख, संघीय सरकारबाट राजश्व बाडफाड बाट रु. ५ करोड ११ लाख ८८ हजार ९ सय ६०, प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु. १ करोड , शसर्त अनुदान रु.१ करोड ८७ लाख ७९ हजार , प्रदेश सरकारबाट राजश्व बाडफाड बाट रु.७० लाख ६३ हजार, प्रदेश सरकार बाट समपुरक अनुदान रु १ करोड, प्रदेश सरकार बाट बिशेष अनुदान रु ४० लाख ,आन्तरिक

गाउँपालिका अध्यक्ष

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरमथली, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

राजश्वबाट रु.२५ लाख र आ.व २०७६/०७७ को बैंक मौज्दात (अनुमानित) रु ३० लाख रुपैया गरी जम्मा आय ३२ करोड ३५ लाख ३० हजार ९ सय ६० रुपैया रहेको छ ।

**सभाध्यक्ष महोदय :**

**अव म आर्थिक वर्ष २०७७/०७८ मा कर, शुल्क तथा दस्तुर का वारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।**

आर्थिक वर्ष २०७७/०७८ को लागि शुल्क दस्तुर तथा जरिवानाको दरमा खासै परिवर्तन नगरी चालु आ.व २०७६/०७७ को दरले नै राखेको छु । यद्यपी चालु आ.व को आर्थिक ऐनले नसमेटेका केही क्षेत्रमा शुल्कको दायरा फराकिलो बनाएको छु । चालु आ.व २०७६/०७७ देखि सम्पत्ति कर तथा नक्सा पास लाई पूर्ण रुपमा लागु गर्न नसकिएकोमा यस आ.ब. २०७७/०७८ देखि पूर्ण रुपमा लागु गरिने छ ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०७७/०७८ को लागि बिनियोजन कार्यक्रमहरुको बारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।**

**व्यय तर्फः चालु खर्च तर्फ :** आर्थिक वर्ष २०७७/०७८ को लागि गाउँकार्यपालिका, वडा समिति, बिषयगत शाखा ले गर्ने कार्यहरु को लागि गाउँपालिका तर्फ रु ४ करोड ४२ लाख ८० हजार रुपैयाँ,चालु खर्च वडा कार्यालय तर्फ रु ३६ लाख बिषयगत शाखा तर्फ रु २ करोड ९० लाख ७१ हजार ९ सय ६० गरि जम्मा रु ७ करोड ६९ लाख ५१ हजार ९ सय ६० विनियोजन गरेको छु ।

**पुँजीगत खर्च तर्फ :** गाउपालिका तर्फ रु ३ करोड ३ लाख तथा वडा समिति अर्न्तगत रु ५ करोड ३१ लाख रुपैया गरि जम्मा व्यय रु ८ करोड ३४ लाख रुपैया रहेको छ ।

गाउँपालिका तथा वडा समिति को शसर्त अनुदान बाहेकको चालु खर्च तथा पुजिगत खर्च तर्फ गरि जम्मा रु १६ करोड ३ लाख ५१ हजार ९ सय ६० विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अब म यस बजेट बक्तव्यमा भएका मुख्य मुख्य योजनाहरुलाई साराशंमा उल्लेख गर्न चाहन्छु ।**

विकास कार्यलाई नेपाल सरकारको १५औं योजना को लक्ष्य अनुसार तथा दिगो बिकास लक्ष्यलाई सहयोग गर्न गौरवका आयोजना तर्फ रु १ करोड, प्रदेश सरकार संग साझेदारी गर्न समपुरक कोष

गाउँपालिका अध्यक्ष

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरस्वती, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

अर्न्तगत रु १ करोड तथा बिभिन्न दातृ निकाय/ संघसंस्थाहरुसँग साझेदारीका लागि रु ६० लाख विनियोजन गरेको छु ।

पशु, कृषि,उद्योग तथा सहकारी र वित्तिय क्षेत्र आर्थिक विकासका लागि आर्थिक विकास तर्फ रु ८२ लाख ४५ हजार रुपैयाँ छुट्याएको छु ।

भौतिक विकास,सामाजिक तथा आर्थिक विकासलाई समानान्तर ढङगबाट अघि बढाउन सकिएन भने सन्तुलित विकास हाँसिल गर्न सकिदैन । साथै सामाजिक विकासले सम्पूर्ण विकास कार्यलाई संस्थागत गर्ने कार्य गर्दछ । त्यसैले शिक्षा,स्वास्थ्य, महिला शसक्तिकरण, यूवा तथा खेलकुद बिकास, खानेपानी तथा सरसफाई का साथै दलित, अपाङ्गता भएका व्यक्तिहरुलाई समेत बिकासको मुल प्रवाहमा संलग्न गराउनको लागि सामाजिक विकास तर्फ ३ करोड २१ लाख ७६ हजार ९ सय ६० रुपैयाँ विनियोजन गरेको छु । विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । यहि मान्यतालाई आधार मानेर पूर्वाधार विकास तर्फ ३ करोड ५५ लाख रुपैयाँ विनियोजन गरेको छु । गौरवका आयोजना निर्माण तथा समपुरक कोष सहित गरी पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक,सिचाई,भवन तथा शहरि विकास,उर्जा लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरु समेटिएका छन । वातावरण क्षेत्रका वन तथा भु संरक्षण, जलाधार संरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोरमैला तथा ढल व्यवस्थापन तथा विपद व्यवस्थापन लगायतका लागि वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ ९० लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

संस्थागत विकास सेवा प्रवाह र सुशासन मार्फत लोकतन्त्र मार्फत नागरिकहरुको लाभ प्राप्तीको लागि सन्तुलित तथा न्यायोचित वितरण नागरिकमुखि सेवा प्रदान गर्न सकिएमा संस्था प्रति नागरिकको अपनत्व विकास हुन्छ भन्ने विश्वास लिइएको छ । दैनिक सेवा प्रवाहका कार्यहरुलाई सहज सरल र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु अनलाईन प्रणालीमा लैजान तथा न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्र स्थापना गर्न, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृदि गर्न सुशासन तथा संस्थागत विकास तर्फ ४ करोड ९३ लाख ८० हजार रुपैयाँ विनियोजन गरेको छु ।

अन्त्यमा, आ.व २०७७/०७८ को बजेट तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु,राजनीतिक दलहरु, कर्मचारीहरु, शिक्षक, बुद्धिजिवीहरु,आम नागरिक, सुरक्षाकर्मी, पत्रकार,गैर सरकारी संस्थाहरु लगायत सवैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ॥

गाउँपालिका अध्यक्ष

सिर्जना लामा
उपाध्यक्ष
नौकुण्ड गाउँपालिका